गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

## अत्यन्त जरुरी सूचना

विश्वभर महामारीको रुपमा र तिब्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोभिड-१९ को संक्रमण यस गाउँपालिकामा समेत फैलिने क्रम बढिरहेकोले यसको थप संक्रमणको दरलाई कम गर्न गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गत वडा कार्यालयहरुवाट प्रदान गरिने नियमित (स्वास्थ्य सेवा, विपद् व्यवस्थापन तथा आकस्मिक सेवाहरु वाहेक) सेवाहरु मिति २०७८/१/२७ गते देखि अर्को सूचना नभएसम्मको लागि वन्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि गाउँ कार्यपालिकाको मिति २०७८/०१/२५ को Zoom Meeting को निर्णय अनुसार अनुरोध छ । साथै कोभिड-१९ को संक्रमणवाट वच्न सबै गोसाईकुण्डबासीहरुले नेपाल सरकारले तोके वमोजिमका स्वास्थ्य मापदण्ड अपनाउने, संक्रमित व्यक्तिहरु जथाभावी हिंडडुल नगरी सुरक्षित किसिमले होम आइसोलेसनमा बस्ने तथा कोभिड-१९ को संक्रमण देखिएका व्यक्तिहरुको सम्पर्कमा आएका व्यक्तिहरुले समेत स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई कोभिड-१९ को संक्रमण समुदाय स्तरमा फैलिनवाट वचाउन सहयोग गर्नु हुन समेत अनुरोध छ । यस महामारीको विषम परिस्थितिमा यस गाउँपालिकाका सेवाग्राहीमा पर्न जाने असुविधाप्रति गोसाईकुण्ड गाउँपालिका रसुवा क्षमाप्रार्थी छ ।

२०७८/१/२६

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**देवीलाल सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**